अन्तिम लेखापरीक्षण प्रतिवेदन

सुन्दरवजार नगरपालिका, लमजुङ

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation

and

the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषाको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः२०७६/७७
च.नं

मितिः २०७७/३/२४

श्री प्रमुखज्यू,
सुन्दरवजार नगरपालिका,
लमजुङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(वागमती तथा गण्डकी महानिर्देशनालय)

पत्र संख्या : २०७६।७७
च.नं :

मितिः २०७७।३।२५

श्री नगरप्रमूखज्यू,
सुन्दरवजार नगरपालिका,
लमजुङ ।

विषय : लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय : हामीले सुन्दरवजार नगरपालिकाको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को बित्तिय विवरण र त्यससँग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड ३ लाख ४३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२१ लाख ४० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६७ लाख ११ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख ५० हजार र पेश्की बाँकी रु.२ लाख ४२ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०९।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना बीस (२०) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(वामदेव शर्मा अधिकारी)
नायब महालेखापरीक्षक

आर्थिक कारोबारको स्थिति

स्थानीय संचितकोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाव सहितको २०७५।७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सि.नं.	आयतर्फ		सि.नं.	व्ययतर्फ	
	विवरण	जम्मा रकम		विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**		१	**चालु खर्च**	३२१७९५०६३.२३
	क) नगद	४४११.०	२	**पूँजीगत खर्च**	१०५८५७२३९.५९
	ख) बैंक	६१११६४३९.०७			
२	**राजस्व (आन्तरिक आय)**		३	**वित्तीय व्यवस्था भुक्तानी**	
	क) आन्तरिक राजस्व	७६६१०७२.४५		क) ऋण भुक्तानी	
	ख) राजस्व बाँडफाँड	५१७४९३८९.५०		ख) ब्याज भुक्तानी	
	ग) सडक वोर्ड			ग) अन्य भुक्तानी	
	ग) अन्य आय (मालपोत वाट)	७५५६१७२.६०			
३	**वित्तीय हस्तान्तरण (संघ)**		४	**लगानी**	
	क)वित्तीय समानीकरण अनुदान	९३३०००००.०		ऋण लगानी	
	ख) सशर्त अनुदान	२३१३९४०००.०		शेयर लगानी	
	ग) सडक वोर्डवाट प्राप्त	२६७५०००.०			
	घ) विशेष अनुदान		५	**धरौटी फिर्ता**	५९९९०१.०
	ङ) सामाजिक सुरक्षा	५७०१८०००.०	६	**को.ले.नि.का. फिर्ता**	१८९३३९७५.०
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			**कोष खर्च**	
	क)वित्तीय समानीकरण अनुदान	११७०८४४०.०	७	**गत वर्षको सर्शत फिर्ता**	
	ख) समपुरक अनुदान	२७७३९४२.०	८	**मौज्दात**	
	घ) प्रदेशबाट प्राप्त समपूरक अनुदान			क) नगद मौज्दात	
	ङ) पूर्वाधार कार्यालय पर्वतवाट प्राप्त समपुरक अनुदान			ख) बैंक मौज्दात धरौटी समेत	८१७१९९३७.६७
५	**विषयगत निकायबाट प्राप्त रकम**				
	क) जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा भत्ता				
	ख) प्रधानमन्त्री रोजगार कार्यक्रम				
	ग) संस्कृति प्रवर्धन कार्यक्रम				
	ङ) स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम				
	छ) गरिवसंग विश्वेश्वर				
	ज) कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम				
६	**धरौटी आय**	१४९०४७४.०			
७	**अन्य विविध आय**	४५८७७५.८७			
	जम्मा	**५२८९०६११६.४९**		**जम्मा**	**५२८९०६११६.४९**

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	कार्यालयको परिचय : स्थानीय नेतृत्वको विकास गरी विधायिकी, कार्यकारीणी र न्यायीक अधिकार सहितको स्थानीय शासन पद्धतिलाई सुदृढ गर्दै स्थानीय सरकारको निर्माण र संचालन गरी जनतालाई नजिकवाट प्रभावकारी सेवा र सुविधा प्रदान गर्न यस नगरपालिकाको स्थापना भएको हो । यो नगरपालिका गण्डकी प्रदेशमा अवस्थित छ र यस अन्तर्गत ११ वडाहरु, ५७ सभा सदस्य तथा२६८६४ जनसंख्या रहेका छन् । यसको क्षेत्रफल ७२.०३ वर्ग किलोमिटर रहेको छ ।	
१.	**आन्तरिक नियन्त्रण प्रणाली**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्वन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन । • मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टिडिएस नगरेको, • स्वीकृत कार्यक्रम अनुसार चौमासीक खर्च गर्नुपर्नेमा कुल खर्च मध्ये अधिकांश रकम तेश्रो चौमासीकमा खर्च गरेको, • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणका प्रयास गरेको अभिलेख नराखेको, • वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्यांकन प्रतिवेदन दिने नगरेको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकि सक्नु पर्नेमा नतोकेको, • कुनै रकमको भुक्तानी दिंदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार नगरेको, • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र व्यवस्थापन आंशिक रुपमा गरेके भएता पनि सो सम्वन्धी कानुन, नीति, कार्यविधि तथा मापदण्ड नवनाएको, • कार्यलयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता नराखेको, • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको, • निर्माण कार्यहरुको लागत अनुमान स्वकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको, • खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको, • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु नगरेको, • वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, • मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजूको लगत तयार गर्नुपर्नेमा नगरेको, • उपभोक्ता समितिवाट गरीएका धैरै काममा खर्चका प्रमाण परिक्षण गर्दा केहीमा मु.अ.करमा दर्ता नभएका फर्मको विल राखेको, • उपभोक्ता समितिबाट गरिएका अधिकांश निर्माण कार्यहरुमा जनसहभागिताको अंश नरहेको, • प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा नगरेको, • वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको संवन्धमा एकिन हुन नसकिएको, • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) बमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कृषि, पशु तथा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारीत नगरी खर्च लेखेको, • आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार प्रथम चौमासीकमा ठेक्का लगाइसक्नुपर्नेमा नगरपालिकाले अधिकांश ठेक्का तेश्रो चौमासीकमा लगाएको,	
२.	**सार्वजनिक सुनुवाई :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक संचालन गर्न अनुगमन एबं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वियन हुनुपर्दछ । सार्बजनिक सुनुबाई, सार्वजनिक तथा सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन ।	
३.	**आयोजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।	
४.	**निर्माण कार्यको लगत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले यस वर्ष संचालन गरेको योजनामा निर्माण कार्यको लगत राखेता पनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । नगरपालिकाले गतविगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।	
५.	**जग्गा उपयोग मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू- जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । नगरपालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।	
६.	**सेवा प्रवाह** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ७३७, विवाह दर्ता, ३१८ मृत्यु दर्ता २१५, सम्वन्ध विच्छेद १२, बसाई सराई २६४, नाता प्रमाणीत ९०९, घरवाटो शिफारिस ७२५, नागरिता ८३२, सम्वन्ध विच्छेद १२ र अन्य ७०१८ वटा दर्ता गरेको पाइयो । नगरपालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।	
७.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७६ आषाढ मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाइल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सम्पत्तिहरुको जिम्मेवारी सार्ने गरेको पाइएन । यसरी जिन्सी मालसामानहरुको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुदाँ खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्वन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
८.	**दररेट निर्धारण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा ताथ महसुलको स्थानीय न्यूनतम दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले उल्लेखित कुनै पनि आइटमको न्यूनतम दररेट तोकेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
९.	**लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रिय स्तरिय आयोजना मध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिमको प्रगती विवरण दिएको छैन् । नगरपालिकाबाट प्रमाणित प्रगती विवरण पेस नगरेकोले सोको अभावमा लक्ष्य र प्रगतिको अवस्था तुलना गर्न नसकिने भएकोले नियम बमोजिमको प्रगति प्रतिवेदन तर्जुमा गरी बजेट, खर्च र उपलब्धीको समीक्षा गर्नु पर्दछ ।	
१०.	**चौमासिक खच**ः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिक, दोश्रो चौमासिक, तेश्रो चौमासिक र आषाढ महिनामा कति रकम खर्च भएको सोको विवरण पेश नभएकोले खर्चको प्रतिशतलाई एकिन गर्न सकिएन् । पालिकाले सोको विवरण	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	अद्यावधिक गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
११.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
१२.	**कर कट्टीको जानकारी :** आयकर ऐन, २०५८को दफा ९०मा अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा विभागमा विवरण दाखिला गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले उपभोक्ता समितिहरुबाट भुक्तानीको सिलसिलामा कर कट्टी गरी राजस्वमा दाखिला गर्ने गरेकोमा सोको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई पठाउने गरेको देखिएन ।	
१३.	**अवकाश कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष अवकाश कोषको लागि बजेट व्यवस्था गरेको र दाखिला गरेको देखिएन ।	
१४	**नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा नगरपालिकाका सवै वडामा नक्शा पास गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन । यसले गर्दा सडक सीमा, बन, सरकारी तथा सार्वजनिक अतिक्रमणबाट जोगाउन र व्यवस्थित तथा सुरक्षित बसोवासको लागि नक्सापास सम्वन्धी कार्यविधि बनाई क्रमशः लागू गर्नु पर्दछ ।	
१५.	**बेरुजू फछ्र्यौट नगरेको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ मा लेखापरीक्षणबाट कायम भएका बेरुजू प्रमाण पेश गरी वा नियमित गरी गराई वा असूलउपर गरी फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्ति वा कार्यालय प्रमुखको हुने व्यवस्था भएकोमा यस आ.व.मा विगत वर्षहरुमा औल्याईएका बेरुजू फछ्र्यौट गर्नेतर्फ कार्यालयले पहल गरेको पाइएन । नियमावलीको पालना गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
१६.	**अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । नगरपालिकाले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट १२ लाख ५४ हजार खर्च लेखेको छ । तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।	
१७.	**पदाधिकारी सुविधा :** नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन वमोजिम हुने उल्लेख छ । गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाको सेवा सुविधा (बैठक भत्ता सम्बन्धमा व्यवस्था नभएको) समेत तीन महिनाको बैठक भत्ता समेत बुझेको पाइयो । यस वर्ष अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पारीश्रमिकमा (भत्ता वाहेक) देहायअनुसार रु ७३ लाख ५० हजार खर्च गरेको देखियो । स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा स्थानीय तहको आन्तरिक स्रोतलाई समेत आधार मानी मासिक सुविधा	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	दिइने उल्लेख गरेको छ । आन्तरीक आय कुल रु. ७६ लाख ६१ हजार रहेकोमा आन्तरीक आयले पदाधिकारीलाई तोकिएको सुविधा धान्न सक्ने देखिएतापनि सवै चालु खर्चलाई धान्न सक्ने अवस्था देखिएन अतः नगरपालिकाले आन्तरीक आयका थप श्रोतको पहिचान गरी आन्तरीक आय सुदृढ गर्नुपर्ने देखिन्छ ।	

सि.नं.	विवरण	प्रमुख	उप प्रमुख	वडा अध्यक्ष	कार्यपालिका सदस्य	सभाका सदस्य	जम्मा
१	मासिक सुविधा	३५०००	३००००	२००००	१००००	७०००	६६२४०००
२	सञ्चार सुविधा (मासिक दरमा)	२०००	१५००	१०००	-	-	१७४०००
३	चाडपर्व खर्च	-	-	-	-	-	५५२०००
	जम्मा	-	-	-	-	-	७३५००००

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१८.	**मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा नगरपालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । नगरपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर लगायतका करहरु पहिचान तथा एकिन गरी असूल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
१९.	**योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे-टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।	
२०.	**फोहोरमैला व्यवस्थापन :** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ, नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले फोहोरमैला व्यवस्थापनको लागि देहायअनुसारका कार्यहरु गरेको छैन । ल्याण्डफिल साइटको दीर्घकालीन व्यवस्थापन र पूर्वाधार निर्माण भएको, फोहोरमैला व्यवस्थापन सम्बन्धमा उपयुक्त प्रविधिको अध्ययन अनुसन्धान गरी प्रविधि विकासको कार्य र "प्रदुषकले शुल्क तिर्ने" अवधारणा लागू गरी दीगो व्यवस्थापन गरेको, फोहोरमैला व्यवस्थापन गर्ने, कम्पोष्ट विनहरुको खरिद र वितरण कार्य, उपयुक्त प्रविधिको विकास र विस्तार गर्न पर्याप्त बजेट तथा जनशक्तिको उपलब्धता नभएको,	
२१.	**अन्य आयतर्फ** : स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता नरहेको, स्वीकृत म.ले.प.फा.न. १०८(क, ख) तथा २३ प्रयोगमा नरहेको, रसिद नियन्त्रण खाता नरहेको वडा कार्यालयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको रसिदको सिलसिलेवर नम्वर अनुसार उठेको आय र बैंक दाखिलाको रकम नभिडेको, समयमै रकम दाखिला गर्ने नगरेको, उठ्नु पर्ने, उठेको र दाखिला सम्वन्धमा निरीक्षण अनुगमन हुने नगरेको हुँदा यो वर्ष घरबाटो सिफारिस, सम्पत्तिकर, मालपोत रजिष्ट्रेशन शुल्क तथा अन्य आयबापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन । यो वर्ष आन्तरिक आयवापत रु.७६ लाख ६१ हजार आम्दानी देखिएको छ । आवश्यक म.ले.प.फा.न हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने, गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
२१.१.	प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन (Initial Enuironmental Examination report) अनुसार यस नगरपालिका क्षेत्र भित्र पर्ने ९ वटा खोला र २ वटा मर्स्याङदी घाटको समेत ११ घाट वाट नदीजन्य पदार्थ वार्षिक १७,२२,४२४।८० घ.मि. उत्खनन र विक्री गर्न सकिने देखियो । गण्डकी प्रदेश आर्थिक ऐन २०७५ को अनुसूची ६ वमोजिम प्रति घ.मि. रु.४। का दरले रु.६८,८९,६९९।२० आय आर्जन हुने प्रक्षेपण रहेको पाइयो । यो वर्ष IEE को प्रतिवेदन तयार गर्न परामर्शदाता नियात्रा कन्सल्ट प्रा.लि.लाई रु.३,४९,१७०। परीश्रमिक भूक्तानी खर्च लेखिएको छ तापनि नदीजन्य पदार्थ उत्खनन् तथा विक्रीको लागि कुनै प्रतिस्पर्धात्मक वोलपत्र आव्हान नगरी वडा कार्यालयहरुवाट मनोमानी रुपमा कुनै प्रकृया तथा विधि नअपनाई यो वर्ष ६, ७, र ९ वडा कार्यालयबाट नदीजन्य पदार्थ प्रतिट्रीप रु.५००। दरले विक्री गरेको भनि रु.९१,४००। मत्र (उठ्नुपर्ने आयको १.३२ प्रतिशत) आम्दानी देखाएको पाइयो । नगरपालिकाले वार्षिक रुपमा उठ्नुपर्ने आय उठाउने तर्फ सक्रिय नहुंदा रु.६७,९८,२९९।२० संभावित आय गुमाएको पाइयो । यसतर्फ सम्वन्धीत निकायको ध्यान जानुपर्ने देखियो ।	
२२.	**सामाजिक सुरक्षा तर्फ :** लेखापरीक्षण योजना, २०७६ बमोजिम सवैभन्दा बढी निकासा हुने प्रथम र पाचौं ठूलो वडाको श्रेस्ता परीक्षण गर्दा सामाजिक सुरक्षा भत्ता वितरणको सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् । साथै २ वटा वडाको नमुना छनौट आधारमा परीक्षण गर्दा सबै वडामा बैंकमार्फत भत्ता वितरण भएको पाइयो । परीक्षण गर्दा देखिएका केही सैद्धान्तिक व्यहोराहरु निम्न छन् ।	
२२.१.	**लगत अद्यावधिक नगरी खर्च लेखेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाले अनूसुची- ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नुपर्ने प्रावधान छ । सुन्दरवजार नगरपालिका अर्न्तगतका ११ वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । नगरपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
२२.२	**लाभग्राहीको नाम नवीकरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ७ को उपदफा (१) मा भत्ता प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहीहरुले आगामी आ.व.मा पनि भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ६ मा उल्लेखित समयावधि भित्र सम्वन्धित गाउँपालिका वा नगरपालिकामा दरखास्त दिनु पर्ने व्यवस्था छ । सो कार्यविधिको उपदफा (२) मा यसरी नविकरण नगर्ने लाभग्राहीले पछिल्लो आ.व.मा भत्ता नपाउने समेत उल्लेख गरेकोमा यस नगरपालिकाले सोको परिपालना गरेको पाइएन । कार्यविधिको पालना गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
२२.३.	**मूल अभिलेख नराखेको** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) मा प्रत्येक गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची-५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट गरी समयावधिभित्र व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	प्रविष्टि गर्नुपर्ने व्यवस्था भएकोमा यस नगरपालिकाले सबै लाभग्राहीहरुको तोकिएको ढाँचामा अभिलेख राखेको पाइएन । नगरपालिकाले कार्यविधिको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
२२.४	**लाभग्राहीको नाम दर्ता** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ५ को खण्ड क मा जेष्ठ नागरिकले आफ्नो उमेर पुग्ने मिति उल्लेख गरी आगामी आर्थिक वर्षको लागि यस आ.व.मा नै तोकिएको म्यादभित्र दरखास्त दिनुपर्नेछ एंव दफा ६ को उपदफा (१) को खण्ड क मा आगामी आ.व.को फागुन मसान्तभित्र उमेर पुग्ने जेष्ठ नागरिकहरुले आगामी आ.व. मा उमेर पुग्ने मिति उल्लेख गरी प्रत्येक आर्थिक वर्षको श्रावण १ गतेदेखि पुस मसान्तभित्र नाम दर्ताको लागि दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा नमुना छनोटको रुपमा २ वटा वडाको स्रेस्ता परीक्षण गर्दा अधिकांश लाभग्राहीहरुले समयावधिभित्र नाम दर्ता गराएको पाईएन् । कार्यविधिको पालना गर्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
२३.	**वित्तीय समानीकरण चालुतर्फ :** **पदाधिकारी वैठक भत्ता :** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहका पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा सम्वन्धी व्यवस्था गरेको छ । ऐनको अनुसूची- १ को (ख) मा पदाधिकारीहरुको वैठक भत्ता सम्वन्धी व्यवस्था नभएकोमा नगरपालिकाले नियमित वडा समितिको वैठक भत्ता वापतको रकम पालिका अर्न्तगतका ११ वटा वडाहरुलाई निम्न अनुसार भुक्तानी दिएकोले पारिश्रमिक कर कट्टी गरी बाँकी ऐनको विपरित खर्च लेखेको रकम सम्वन्धित वडाहरुबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु...	५६४६३४

गो.भौ.रन.र मिति	पदाधिकारीको पद/नाम/थर	वडा नं.	कुल रकम	पारिश्रमिक कर कट्टी	खुद भुक्तानी	कैफियत
९३,०७.१५	वडाध्यक्ष श्री सूर्य बहादुर दुरा समेत ८ जनाको	१	६०२००	९०३०	५११७०	तीन महिनाको मात्र बुझेको ।
६२,०६.२४	वडाध्यक्ष श्री जगत बहादुर खड्का समेत ८ जनाको	२	६१२००	९१८०	५२०२०	तीन महिनाको मात्र बुझेको ।
६२,०६.२४	वडाध्यक्ष श्री अमृत न्यौपाने समेत ८ जनाको	३	६००७५	९०११	५१०६४	तीन महिनाको मात्र बुझेको ।
६२,०६.२४	वडाध्यक्ष श्री कृष्णराज खनिया समेत ९ जनाको	४	६५७००	९८५५	५५८४५	तीन महिनाको मात्र बुझेको ।
३४,६.१९	वडाध्यक्ष श्री लतिल गुरुङ समेत ८ जनाको	५	६०३००	९०४५	५१२५५	तीन महिनाको मात्र बुझेको ।
५४,०६.२४	वडाध्यक्ष श्री रघुनाथ मिश्र समेत ८ जनाको	६	५२६००	७८९०	४४७१०	चार महिनाको मात्र बुझेको ।
५४,०६.२४	वडाध्यक्ष श्री जयराम रेग्मी समेत १० जनाको	७	७२०००	१०८००	६१२००	तीन महिनाको मात्र बुझेको ।
५४,०६.२४	वडाध्यक्ष श्री कृष्णकान्त अधिकारी समेत ८ जनाको	८	५६७००	८५०५	४८१९५	तीन महिनाको मात्र बुझेको ।
५४,०६.२४	वडाध्यक्ष श्री मोती प्रसाद गुरुङ समेत ७ जनाको	९	४८६००	७२९०	४१३१०	तीन महिनाको मात्र बुझेको ।
५४,०६.२४	वडाध्यक्ष श्री जय बहादुर अधिकारी समेत ९ जनाको	१०	६५७००	९८५५	५५८४५	तीन महिनाको मात्र बुझेको ।
५४,०६.२४	वडाध्यक्ष श्री प्रेम बहादुर दरा समेत ८ जनाको	११	६१२००	९१८०	५२०२०	तीन महिनाको मात्र बुझेको ।
	जम्मा		**६६४२७५**	**९९६४१**	**५६४६३४**	

२४	**पदाधिकारी आवास खाजा खर्च :** गण्डकी प्रदेश सरकारले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा स्थानीय तहका पदाधिकारीहरुको पारिश्रमिक तथा सेवा सुविधा सम्वन्धी व्यवस्था गरेको छ । ऐनको अनुसूची- १ को (ख) मा पदाधिकारीहरुको आवास खाजा खर्चको व्यवस्था गरेको छैन । नगरपालिकाका निम्न पदाधिकारीहरुले आवास खाजा खर्च वापत मासिक रुपमा नगद रकम बुझेको पाइयो । ऐनमा व्यवस्था नभएको सुविधा लिएकोले सरकारलाई थप व्ययभार परेको रु.
<table>
<tr><th>गो.भौ.न.र मिति</th><th>पदाधिकारीको नाम थर</th><th>पद</th><th>वडा नं.</th><th>बुझेको रकम</th></tr>
<tr><td>१०२,०७.११</td><td>श्री जनकराज मिश्र</td><td>मेयर</td><td>-</td><td>१७७८००</td></tr>
<tr><td>४३,०६.२२/५६१.३.३१</td><td>श्री ज्ञानु शाह</td><td>उप मेयर</td><td>-</td><td>१४०१००</td></tr>
<tr><td>६२,०६.२४</td><td>श्री जगत बहादुर खडका</td><td>वडाध्यक्ष</td><td>२</td><td>१५०००</td></tr>
<tr><td>५४.०६.२४</td><td>श्री रघुनाथ मिश्र</td><td>वडाध्यक्ष</td><td>६</td><td>१५०००</td></tr>
<tr><td>४७,०६.२२</td><td>श्री जय बहादुर अधिकारी</td><td>वडाध्यक्ष</td><td>१०</td><td>१५०००</td></tr>
<tr><td>४०,०६.२१</td><td>श्री कृष्णराज खनिया</td><td>वडाध्यक्ष</td><td>४</td><td>१५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३७७९००</td></tr>
</table></td><td>३७७९००</td></tr>
<tr><td>२५.</td><td>आवास सुविधा : गण्डकी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को अनुसूची १(ख) मा नगरकार्यपालिकाका प्रमुख, उप प्रमुख, सदस्य तथा नगरसभाका सदस्यको सुविधामा नगर प्रमुख तथा नगर उप-प्रमुखलाई आवास सुविधाको व्यवस्था छैन् । नगरपालिकाका नगर प्रमुख तथा नगर उप-प्रमुखको आवास सुविधा भनी निम्न घरधनीहरुसंग देहायको दरमा भाडा भुक्तानी गर्ने संझौता गरी घरभाडा लिएको छ । यसरी ऐनमा व्यवस्था नभएको थप सुविधाको रुपमा लिएको रकमबाट नेपाल सरकारलाई थप व्यवभार परेको रकम रु......
<table>
<tr><th>क.स.</th><th>घरधनीहरुको नाम</th><th>मासिक रकम</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री प्रेम बहादुर थापा</td><td>१४५००</td><td>१७४०००</td><td>मेयर लागि</td></tr>
<tr><td>२</td><td>श्री गम्वर बहादुर मल्ल</td><td>१४४००</td><td>१७२८००</td><td>उपमेयरको लागि</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३४६८००</td><td></td></tr>
</table></td><td>३४६८००</td></tr>
<tr><td>२६.</td><td>भान्से नियुक्ती : गण्डकी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को अनुसूची १(ख) मा नगरकार्यपालिकाका प्रमुख, उप प्रमुख, सदस्य तथा नगरसभाका सदस्यको सुविधामा नगर प्रमुख तथा नगर उप-प्रमुखलाई निजी भान्सेको सुविधाको व्यवस्था छैन् । नगरपालिकाका प्रमुख तथा उप प्रमुखले मासिक रु.१००००।०० का दरले पारिश्रमिक भुक्तानी गर्ने संझौता गरी निम्न व्यक्तिलाई रकम भुक्तानी दिएको छ । यसरी ऐनमा व्यवस्था नभएको थप सुविधा लिए वापतको जम्मा रु.२,४०,०००।०० ले नेपाल सरकारलाई थप व्ययभार परेको रु.......
<table>
<tr><th>क.स.</th><th>भान्सेको नाम</th><th>मासिक रकम</th><th>जम्मा रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>श्री मेघ लामा</td><td>१००००.००</td><td>१२००००.००</td><td>मेयरको लागि</td></tr>
<tr><td>२</td><td>श्री मुना दुरा</td><td>१००००.००</td><td>१२००००.००</td><td>उपमेयरको लागि</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२४००००.००</td><td></td></tr>
</table></td><td>२४००००</td></tr>
<tr><td>२७.</td><td>यातायात खर्च (गो.भौ.नं र मिति ५१,०६।२२) : गण्डकी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ४ को ३ मा नगरपालिकाका वडाध्यक्ष तथा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन आउँदा जाँदा यातायात प्रयोग गर्नुपरेमा भाडादर बराबरको रकम यातायात खर्च पाउने व्यवस्था छ । साथै सोही दफाको २ मा सवारी साधन उपलब्ध गराइएकोमा यातायात खर्च नपाउने व्यवस्था छ । नगरपिालिकाका प्रत्येक वडाध्यक्षहरुले सवारी साधन लिएकोमा सोको अतिरिक्त मासिक रु .१५००।०० का दरले तीन महिनाको ११ वटै वडाका वडाध्यक्षहरुलाई जम्मा रु.४९५००।०० र नगरकार्यपालिकाका कार्यपालिका सदस्य ७ जनालाई मासिक रु.१०००।०० का दरले तीन महिनाको जम्मा रु.२१०००।०० समेत गरी कूल खर्च रु.७०५००।०० लेखेकोले ऐनको व्यवस्थाको विपरीत खर्च लेखेको रकम सम्वन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु....</td><td>७०५००</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२८.</td><td>संचार सुविधा (गो.भौ.नं र मिति ५१,०६।२२) : गण्डकी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ५ मा स्थानीय तहले पदाधिकारीलाई अनूसुची १ मा उल्लेख भए बमोजिम संचार खर्च दिने व्यवस्था गरेको छ । नगरपालिकाका वडाध्यक्षको संचार खर्च मासिक रु.१०००।०० रहेकोमा ११ वडाका वडाध्यक्षहरुलाई तीन महिनाको रु.१५००।०० का दरले खर्च लेखेकोमा रु.५००।०० बढी दरले हुने तीन महिनाको रु.१६५००।०० तथा नगरकार्यपालिकाका ७ जना सदस्यलाई संचार सुविधाको व्यवस्था नभएकोमा समेत तीन महिनाको मासिक रु.७००।०० का दरले रु.१४७००।०० समेत गरी जम्मा रु.३१२००।०० बढी खर्च लेखेको रकम सम्वन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु..</td><td>३१२००</td></tr>
<tr><td>२९.</td><td>दोहोरो सुबिधा १९६,०७५।१०।१३ : स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ को दफा ८ मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति, पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनयन भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा ऐन बमोजिमको मासिक सुबिधा मध्ये एउटा मात्र सुविधा पाउने व्यवस्था गरेको छ । नगरपालिकाका वडा नं.४ का वडाध्यक्ष श्री कृष्णराज खनिया ले निजले पाउने निवृत्तिभरणको रकम र मासिक सुविधाको रकमको फरक रकम प्रतिमहिना रु.३६२६।०० का दरले लिएको पाइयो । गत आ.व. र यस आ.व को समेत गरी २४ महिनाको बढी खर्च लेखेको जम्मा रकम रु.८७०२४।०० को १ प्रतिशतले हुने रु.८७०।०० सामाजिक सुरक्षा कर कट्टी गरी बाँकी रकम रु.८६१५४।०० सम्वन्धितबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु..</td><td>८६१५४</td></tr>
<tr><td>३०.</td><td>कम कर वीजक पेश भएको : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को (३) मा सार्वजनिक निकायले खर्च गर्दा सो खर्चलाई प्रमाणित गर्ने वील भरपाई संलग्न राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समितिमार्फत भएका कार्यमा निम्न निर्माण व्यवसायीहरुलाई भुक्तानी दिएकोमा उक्त कार्यको लागत अनुमानमा नै मेशिनको स्वीकृत जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर समावेश गरेको छ योजनाको सम्पूर्ण कार्य मेशिनद्धारा गरिने भनी लागत अनुमान तयार गरेको कूल मूल्यांकन समेत सोही बमोजिम भएकोमा उपभोक्ता समितिको अंशको लागि डोर हाजिरी संलग्न गरेको पाइयो । लागत अनुमानमा मूल्य अभिवृद्धि कर समावेश भएको र सोही दरमा उपभोक्ता समितिसंग संझौता भएकोले सम्पूर्ण मूल्यांकन रकमको भ्याट वील पेश गर्नुपर्नेमा उपभोक्ता समितिले रु.१२१६७३०।०० को भ्याट वील पेश भएको छैन् । उक्त रकमको कर वीजक पेश गर्नुपर्ने रु..
<table>
<tr><th>गो.भौ.न.र मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायीको नाम</th><th>संझौता रकम</th><th>मूल्यांकन रकम</th><th>कर विजक पेश भएको रकम</th><th>कम कर विजक रकम</th></tr>
<tr><td>५१५,०३.३१</td><td>चन्द्रेश्वर धुसेनी सडक ट्र्याक निर्माण उपभोक्ता समिति</td><td>पुरानोकोट जलदेवी कन्स्ट्रक्सन प्रा.लि.</td><td>१२००२७६</td><td>१२००२७६</td><td>१००२५००</td><td>१९७७७७</td></tr>
<tr><td>३८,१०.१३</td><td>मिलनचौकदेखि चिहानपाटा तीनकुने हुदै धुसेनीसम्मको स्तरउन्नती</td><td>पुरानोकोट जलदेवी कन्स्ट्रक्सन प्रा.लि.</td><td>६००८९८</td><td>६०१०७२</td><td>३६००००</td><td>२४१०७२</td></tr>
<tr><td>३०१,०३.३१</td><td>बाँगेडाडाँ खरिभ्mयांङ सडक नयाँ ट्राक निर्माण उ.स.</td><td>पुरानोकोट जलदेवी कन्स्ट्रक्सन प्रा.लि.</td><td>३०३८४५४</td><td>३०३२३८१</td><td>२२५४५००</td><td>७७७८८१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>१२१६७३०</td></tr>
</table></td><td>१२१६७३०</td></tr>
<tr><td>३१.</td><td>संझौता भन्दा बढी भुक्तानी : २८।०७५।०८।२३ -सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सोको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद संझौता र सोको कार्यान्वयन सम्वन्धि उल्लेख छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नगरपालिकाले भोर्लेटार एकीकृत स्वास्थ्य केन्द्र निर्माण कार्यको लागि भोर्लेटार एकीकृत स्वास्थ्य केन्द्र निर्माण उपभोक्ता समितिसंग कूल लागत अनुमान रु.८७१२८९।०० मध्ये नगरपालिकाबाट रु.७८४१६०।०० बेहोर्ने गरी संझौता भएकोमा उपभोक्ताको अंश समेत सम्पूर्ण रकम रु.८७१२८९।०० नगरपालिकाबाटै भुक्तानी भएकोले संझौताभन्दा बढी भुक्तानी भएको रकम रु.८७१२९।०० सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी दाखिला गर्नुपर्ने रु....</td><td>८७१२९</td></tr>
<tr><td>३२.</td><td>उपभोक्ता समितिको शून्य योगदान : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ मा जनसहभागिताको अशं समेत समावेश गरी लागत अनुमान तयार गर्नुपर्ने, ऐ नियमको २ मा काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले बेहोर्ने वा बेहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाउनु पर्ने व्यवस्था भएकोमा नगरपालिकाबाट सम्पन्न भएका उदाहरणको रुपमा निम्न योजनाहरुमा लागत अनुमान तयार गर्दा नै उपभोक्ता समितिको जनश्रमदान शून्य राखेको पाइयो । यसबाट सम्वन्धित योजनाप्रति लाभग्राहीको अपनत्व नहुने एंव स्थानीय श्रमको उचित प्रयोग र परिचालन समेत नहुने भएकोले नगरपालिकाले उपभोक्ता समितिलाई संचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि वनाई नियमावलीमा भएको व्यवस्थालाई पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>क्र.स.</th><th>योजना तथा उपभोक्ता समितिको नाम</th><th>कूल लागत अनुमान</th><th>कार्यालयको अंश</th><th>उपभोक्ता समितिको अंश</th></tr>
<tr><td>१</td><td>भोटेवडार एकीकृत स्वास्थ्य केन्द्र मर्मत संभार उपभोक्ता समिति</td><td>८७१२८९</td><td>८७१२८९</td><td>०</td></tr>
<tr><td>२</td><td>मिलनचौकदेखि चिहानपाटा तीनकुने हुदै धुसेनीसम्मको मोटरबाटो</td><td>६००८९८</td><td>६००८९८</td><td>०</td></tr>
<tr><td>३</td><td>जुगेपानी मिलनचौक चन्द्रश्वर मोटरबाटो स्तरउन्नती</td><td>१०८११००</td><td>१०८११००</td><td>०</td></tr>
<tr><td>४</td><td>कोचेपानी देखि थुम्काडाडाँ गाउँसम्मको सडक स्तरउन्नती</td><td>१२००१००</td><td>१२००१००</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७५३३८७</td><td>३७५३३८७</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.</td><td>बढी दर राखी दर विश्लेषण ३८,१०।१३ : आ.व.०७५।७६ को स्वीकृत जिल्ला दररेटमा (८ देखि १०) टनको ट्रकको दर प्रतिघण्टा रु.४५०।०० रहेकामा नगरपालिकाले मिलनचौकदेखि चिहानपाटा तीनकुने हुदै धुसेनीसम्मको स्तरउन्नती कार्यको लागि मिलनचौकदेखि चिहानपाटा तीनकुने हुदै धुसेनीसम्मको मोटर बाटो स्तरउन्नती उपभोक्ता समितिसंग भएको कार्यको लागि ट्रकको दर प्रतिघण्टा रु.६००।०० राखी दर विश्लेषण गरी सोही दरमा भुक्तानी दिएको पाइयो । जम्मा प्रयोग भएको समय १३५ घण्टाको फरक दर रु.१५०।०० को दरले बढी भुक्तानी भएको रकम रु.२०२५०।०० सम्वन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने...</td><td>२०२५०</td></tr>
<tr><td>३३.१.</td><td>६३,०७५।१०।०६ : नगरपालिकाले भीमसेनटोल विसालवजार मेन वजारको पिच गर्ने कार्यको आइटम नं. ३ को surface re-pitch work कार्यको लागि प्रयोग भएको २० एम.एम र १४ एम.एम भन्दा सानो गिट्टीको १० वर्गमिटर कार्यको लागि प्रति घनमिटर दर रु.२१००।०० हुनुपर्नेमा दर विश्लेषण गर्दा १० वर्गमिटर कार्यको लागि प्रतिघनमिटर दर रु.२६२३।०० भएकोमा प्रति वर्गमिटर फरक दर रु १०।४६ का दरले जम्मा भएको कार्य परिमाण २१०२ वर्गमिटरको बढी खर्च लेखिएको रकम रु.२१९८७।०० बढी भुक्तानी भएकोले सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने.....</td><td>२१९८७</td></tr>
<tr><td>३३.२.</td><td>१०२।०७५।१२।१८ : नगरपालिकाले काचेपानी थुन्काडाँडा सम्मको सडक सुधार उपभोक्ता समितिलाई आइटम नं. ४ को मध्यम प्रकारको ढुंगा काट्ने कार्यको मूल्य अभिवृद्धि कर बाहेकको प्रति घनमिटरको दर रु.४५०।०० राखी दर विश्लेषण गर्नुपर्नेमा रु.५८५।०० ले दर विश्लेषण भएको छ ।</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	प्रति घनमिटर फरक दर रु.१३५।०० को १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत रु.१५३।०० का दरले जम्मा कार्य परिमाण २९९ घनमिटरको जम्मा रु.४५७४७।०० बढी भुक्तानी भएको रकम दर विश्लेषण गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सम्वन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने..	४५७४७
३३.३.	**ग्याविन बक्सको दरमा दोहारो परेको :१९८।०७६।०२।३१ :** नगरपालिकाले कोइरालाफाँट धुसेनी ठूलोवन जुगेपानी मोटरबाटो स्तरउन्नती कार्यको लागि कोइरालाफाँट धुसेनी ठूलोवन जुगेपानी मोटरबाटो स्तरउन्नती उपभोक्ता समितिसंग स्वीकृत भएको लागत अनुमानमा नै संझौता भएको छ । लागत अनुमान गर्दा योजनको fabrication of gabion boxes with diaparagrams including rolling, cutting and weaving as per specification, placing and supply of stone filling all complete mesh size 100*120, mesh wire 10,selvage wire 8, binding wire 12 (2:1:1) को ग्याविन बक्सको सम्पूर्ण कार्यको दर विश्लेषण गर्दा २:१:१ को एउटा ग्यावनि बक्सको वा २ घनमिटरको दर रु.८८०३।०० कायम गरिएको छ । उक्त दरलाई २ ले भाग गरी प्रति घनमिटर दर निर्धारण गरी सोही दरलाई कार्यसंपनको प्रति घनमिटर कार्यमा ल्याई मूल्यांकन गर्नुपर्नेमा कार्यसंपनको इकाइ दर १ घनमिटरको भएकोमा दर कायम गर्दा २ घनमिटरको भएकोले १ घनमिटरको बढी दर रु.४४०२।०० ले जम्मा कार्य परिमाण १२ घनमिटरको रु.५२८२४।०० बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम सम्वन्धित उपभोक्ता समितिबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु...	५२८२४
३४.	**नन फाइलरलाई मू.अ.कर भुक्तानी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले कारोवारको करको विवरण महिना भुक्तान भएको मितिले २५ दिनभित्र आन्तरिक राजश्ज कार्यालयमा कर विवरण दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा आन्तरिक राजश्व बिभागको वेभसाइटमा करदाताको प्यान सर्च गर्दा करदाताले २०७६ श्रावण महिनादेखि कर विवरण पेश गरेको देखिएन । निम्न मितिमा भएको जम्मा कारोकार रकम रु ३०३००२४।०० को १३ प्रतिशतले हुने रकम रु.३९३९०३।०० को कर समायोजनको प्रमाण पेश गर्नुपर्ने अन्यथा मू.अ.कर रकम असूल गर्नुपर्ने रु......	३९३९०३

गो.भौ.न.र मिति	कारोवारको विवरण	करदाताको नाम	भुक्तानी रकम	करयोग्य रकम	मू.अ.कर रकम	कैफियत
५१५,०३.३१	चन्द्रेश्वर धुसेनी सडक निर्माण उ.स.	पुरानोकोट जलदेवी कन्स्ट्रक्सन	१००००००	८८४९५६	११५०४४	चालु शिर्षकबाट
३०१,०३.३१	बाँगेडाडाँ खरिभ्ज्यांङ सडक नयाँ ट्राक निर्माण	पुरानोकोट जलदेवी कन्स्ट्रक्सन	२४२३९२७	२१४५०६८	२७८८५९	पुँजीगत शिर्षकबाट
	जम्मा			३०३००२४	३९३९०३	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
३५.	**सवारी साधन :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ वमोजिम हस्तान्तरण भई वा वस्तुगत सहायता वा खरिद गरी प्राप्त हुन आएको जिन्सी सामानको विवरण र मूल्य समेत खुलाई जिन्सी कितावमा आम्दानी वांधी श्रेस्ता खडागरी राख्नुपर्ने व्यवस्था छ तापनि यस कार्यालयमा चालु अवस्थामा १ स्कुटर सहित १७ थान मोटरसाइकल रहेकोमा जिन्सी खाताको पृष्ठ ९४ मा जम्मा १२ थान मात्र मोटरसाइकल मौज्दात देखाएको हुंदा ५ थान मोटरसाइकल हराउन सक्ने अवस्था देखिएकोले समयमै खोजविन गरी जिन्सी खाता अद्यावधिक गर्नुपर्ने देखियो ।	
३६.	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ वमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा वढीको निर्माण कार्य वोलपत्रको माध्यमबाट गराउनु पर्ने व्यवस्था अनुसार गण्डकी प्रदेश समपुरक कोषबाट प्राप्त निकासा तथा कार्यक्रम वमोजिम ल्याण्डफिल्ड साइट डेभलपमेन्ट कार्यका लागि २ वटा	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	लागत अनुमान वनाई २ प्याकेजमा काम गरोको पाइयो । बोलपत्र आव्हान गर्दा दुवै प्याकेजको काम एउटै निर्माण व्यवसायी शैलेन्द्र कालिका जे.भी.लाई परेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।	
३६.१.	प्रथम प्याकेजको लागत अनुमान (मु.अ.कर सहित) रु.१,५५,५७,२८५।४१ रहेकोमा कवोल -मु.अ.कर सहित) रु.८५,७५,३८२।५० (४४ प्रतिशत घटी) भएको छ भने यो वर्ष रु.१९,०४०५०। प्रथम विलवाट भूक्तानी भएको पाइयो ।	
३६.२.	दोस्रो प्याकेजको लागत अनुमान -मु.अ.कर सहित र ४४,८९,३९४।८३ रहेकोमा मू.अ.कर सहित रु.२५,२०,३८१।७८ (४३.८५) घटी भएको छ भने यो कामको विल हालसम्म पेश भएको छैन ।	
३६.३.	प्रथम प्याकेजको काम २०७६।३।१० मा सम्पन्न हुनेगरी २०७६।२।५ मा सम्झौता गरेको र दोस्रो प्याकेजको काम २०७६।३।१० मा सम्पन्न हुनेगरी २०७६।२।१ म सम्झौता भएकोमा समयमा कार्य सम्पन्न हुन नसकेकोले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशवाट दुवै प्याकेजको म्याद २०७६।९।३० सम्म थप गरेको भएपनि हालसम्मको कार्य प्रगति तथा माइलस्टोन पेश हुन आएन ।	
३६.४	मू.अ.कर दाखिला सम्वन्धमा उक्त पार्टीको पान सर्च गरी हेर्दा ननफाइलर देखिएकोले भूक्तानी भएको मू.अ.कर रु.२१,९०५०। मध्ये रु.१०९,५२५। दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रु.	१०९५२४
३७.	**स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद विकास कोष) :** यो वर्ष सांसद विकाश कोष तर्फको रु.५० लाख वजेट विनियोजन भएकोमा सुन्दरवजार -खत्रीठांटी -हाडेटार -कुन्छा हुदै सिरपानी खोला सम्मको सडक स्तरोन्नति कार्य गर्ने कार्यक्रम अनुसार रु.४८,६७,४२३।७६ को लागत अनुमान वमोजिम वोलपत्र आव्हान हुंदा रु.४०,६७,०००।०९ (मू.अ.कर सहित) मा सम्पन्न गर्नेगरी निर्माण व्यवसायी भाटभटेनी कन्स्ट्रक्सनले कवोल गरेको देखियो । उक्त कार्य २०७६।३।१० मा सम्पन्न गर्ने गरी २०७६।१।२ मा सम्झौता गरेकोमा समयमा कार्य सम्पन्न नहुंदा २०७६।३।३० सम्म म्याद थप गरेको देखिन्छ । पेश भएको प्रथम रनिङ्ग विल वमोजिम रु.९,०६,४०१। भूक्तानी भएपछि थप म्याद भित्र कार्य सम्पन्न नभएको र उक्त कामको लागि विनियोजित रकम फ्रिज भएको तथा अर्को आर्थिक वर्षमा वजेट व्यवस्था नरहेकोले उक्त काम ७७.७१ प्रतिशत घटि गरी अधुरो छाडेको पाइयो । यसरी अधुरो कार्य भएको कामको कार्य सम्पन्न नरहेको र गरेको खर्चको उपादेयता र उपलव्धी नरहेको एवं पूर्वाधार विकासका लागि आएको वजेट फ्रिज गराउनेलाई उत्तरदायी वनाउनु पर्दछ ।	
३७.१.	तोकीएको तथा थप म्याद भित्र समेत कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायी लाई सार्वजनिक खरिद नियमावली २०६४ को दफा १४१ वमोजिम कालोसूचीमा राख्न कारण खुलाई सम्वद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखि पठाउनु पर्ने र सोही नियमावलीको नियम ५३(७) वमोजिम कृषि विकास वैंक वानेश्वरमा रहेको जमानत वापतको रु.२४००००.०० जफत गर्नु पर्ने रु.	२४००००
३८.	**झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम : (क)** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ वमोजिम निर्माण कार्य सम्पन्न भएको ३ दिन भित्र सम्वन्धीत निर्माण व्यवसायीले निर्माण भए वमोजिम नक्सा पेश गर्नु पर्ने र सो नियमको उपनियम २ वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पुरानो सांघुरह फांटको झोलुङ्गेपुल निर्माण कार्य उपभोक्ता समितिवाट गराई पाउदीखोला झोलुङ्गेपुल र नाउदी खोला ट्रस निर्माण उपभोक्ता समितिलाई क्रमशः रु.२०,९३,५११। र १३,३८,९५३।४३ भुक्तानी गरेकोमा उक्त पुलको कार्य सम्पन्न प्रतिवेदन समेत सोही रकमको मात्र तयार भएको पाइयो । उक्त पुलमा स्टीलपार्टसको खर्च समेत सम्पूर्ण लागत देखिने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने दायित्व परामर्शदाता को रहेपनि सो अनुसार प्रतिवेन तयार भएको पाइएन । यसबाट पुलको वास्तविक लागत पुष्टि हुन सकेन । **(ख)** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ वमोजिम खरिद भएका जिन्सी सामान जिन्सी खातामा दाखिला गरी खर्च लेख्नुपर्नेमा झोलुङ्गेपुलका लागि स्टिल तथा फेव्रीकेशन पार्टस आपूर्ति गर्ने इण्टर टेक प्रा.लि.लाई रु.२०,९८,४७९।९९ भूक्तानी हुंदा उक्त सामान दाखिला वेगर साइटमा गएको र उपभोक्ता	

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>समितिबाट पुल निर्माणको कार्य सम्पन्न भएको भनि दाखिला नगरेको भन्ने जवाफ रहेपनि नियमानुसार खरिद भएका सामान दाखिला र खर्च लेख्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३९.</td><td>सडक वोर्ड तर्फ : यस नगरपालिका वडा नं.१ कुन्छा सुत्केरीले गाडेको ढुंगा देखि शान्ति मा.वि. सम्म चेलीवेटी मार्ग निर्माण कार्यको लागत अनुमान रु.४२,८८,८६७।७६ (श्रमदान समेत) रहेको र उक्त काम उपभोक्ता समितिबाट गराएको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम रु.२,८८,८६७।७६ जनश्रमदान हुनुपर्नेमा रु.२,०९,०५८।५३ मात्र हुंदा दामासायीले रु.३९२५५६६।१५ अनुदान रकम दिनुपर्नेमा रु.४०,००,०००। भूक्तानी भएकोले वढी भूक्तानी भएको असूल गरी संघीय खातामा दाखिला गर्नुपर्ने रु...</td><td>७४४३४</td></tr>
<tr><td>४०</td><td>संघीय संचित कोषम फिर्ता गर्नुपर्ने : सामाजिक सुरक्षा वापत रु.२८,३५०। तथा अग्रीम आयकर वापत रु.२९७५०। समेत रु.५८,१००। स्थानिय सन्चित कोषमा रहेकोले उक्त रकम संघीय सन्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु...</td><td>५८१००</td></tr>
<tr><td>४१.</td><td>गरीव संग विश्रेश्वर कार्यक्रम : विभिन्न २२ विपन्न परीवारलाई २२ घार मौरीका घार वितरण गरेको भनि रु.२ लाख खर्च लेखेकोमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ वमोजिम खर्चलाई विश्वसनिय हुने गरी खर्च गर्नुपर्ने र भए गरेको खर्चको अनुगमन गरी लागत लाभ मूल्याकंन हुनुपर्ने देखिन्छ । हरेक वर्ष मौरीका घार वितरण गर्ने र त्यसवाट विपन्न वर्गको आर्थिक हैसियत स्तरोन्नतीमा परेको प्रभाव मूल्याकंन नहुंदा खचैको उपदेयता नरहने हुदा यस सम्वन्धमा ध्यान दिनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४२</td><td>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ वमोजिम उठेको आन्तरिक आय वैंक दाखिला गर्नुपर्नेमा निम्नानुसारका वडा कार्यालयवाट रसीद अनुसार उठेको रकम वैंक दाखिला गर्न छुट भएको देखिएकोले एकीन गरी स्थानीय सन्चित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>वडा कार्यालय</th><th>असूली रकम</th><th>वैंक दाखिला रकम</th><th>घटी दाखिला</th></tr>
<tr><td>वडा नं.३</td><td>१,१३,६९०। (७ प्याडवाट)</td><td>९५,३५०।</td><td>१८,३४०।</td></tr>
<tr><td>वडा नं.१०</td><td>९२,७७०। (६ प्याडवाट)</td><td>९०,४५०।</td><td>२३२०।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१८५,८००।</td><td>२०,६६०।</td></tr>
</table></td><td>२०६६०</td></tr>
<tr><td>४३.</td><td>भवन निर्माणको नमूना मापदण्ड २०७१ वमोजिम यो वर्ष नगर क्षेत्रभित्र नयां घर निर्माणका लागि १२४ निवेदन परेकोमा ३० भवन निर्माण सम्पन्न भएको देखाएको छ । यसमध्ये १० वटा फाइल अध्ययन परीक्षण गर्दा राख्नुपर्ने कागजात दरखास्त फाराम, ड्रइङ डिजाइन रिपोर्टहरु अद्यावधिक र सुरक्षित रुपले फालिङ तथा पन्जिका वनाई राख्ने गरेको नपाइएकोले यस सम्वन्धमा ध्यानदिई सुधार हुनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४४</td><td>धरौटी तर्फ :सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) वमोजिम निर्माण कार्यको त्रुटी सच्याउने अवधि समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट आय विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि धरौटी फिर्ता गर्नु गराउनु पर्नेमा सो वेगर निम्नानुसारको धरौटी फिर्ता भएको पाइएकोले कर समायोजन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं. । मिति</th><th>निर्माण व्यवसायी</th><th>धरौटी फिर्ता</th></tr>
<tr><td>३।०७५।६।२५</td><td>व्रदर्श विल्डर्स</td><td>३४०,०००।</td></tr>
<tr><td>११।०७५।१०।१३</td><td>न्यू हिरा निर्माण सेवा</td><td>१८,०८०१।</td></tr>
<tr><td></td><td></td><td>५,२०,८०१।</td></tr>
</table></td><td>५२०८०१</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४५</td><td>पाठ्य पुस्तक अनुदानः १०५।०७६।१।५ विद्यालय क्षेत्र विकास कार्यक्रम (स्थानिय, प्रदेश तथा शिक्षा विकास समन्वय इकाई) कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को कियाकलाप नं. २.१५.११.७६१ मा २०७६ वैशाखवाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना संख्याको यथार्थ तथ्यांक्क सम्वन्धित शिक्षा अधिकृतवाट प्रमाणित र एकिन गरी पाठ्यक्रम विकास केन्द्रको स्वीकृत दररेट वमोजिम कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दोस्रो चौमासिकमा पाठ्यपुस्तक अनुदान रकम विद्यालय खातामा निकासा दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पुरा सेट नयाँ पाठ्यपुस्तक पाए वा नपाएको अनुगमन गरी नपुग हुने रकम मात्र थप निकासा दिने उल्लेख छ । यस गाउँपालिका अर्न्तगत ४२ विद्यालय रहेको र ती विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई उपरोक्त निर्देशिका अनुसार दोस्रो चौमासिकमा प्रथम पटक ७५ प्रतिशतले हुने रु.१०२६१२२।०० मात्र विद्यालयको खातामा निकासा दिनु पर्नेमा १०० प्रतिशतले हुने रु.१३६८१६३।०० निकासा दिएकोमा पुन भौ.न.१७५।२०७६।३।२० निम्नानुसारको विद्यालयमा थप पाठ्यपुस्तक वापत विद्यार्थी संख्या नखुलाई रु.१२१७६१।०० अनुदान पठाएको सम्वन्धमा प्रमाण पेश हुनु पर्ने देखिन्छ । नगरपालिकाले चालु शैक्षिक सत्रमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थी सख्या एकिन गरी कार्यनवयन पुस्तिकामा उल्लेखित व्यवस्था अनुसार मात्र पाठ्यपुस्तक अनुदान निकासा दिने व्यावस्था मिलाउनु पर्ने र थप निकासा दिनपर्नाको कारण सहित प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>विद्यार्थी संख्या</th><th>निकासा रकम १०० प्रतिशत</th><th>थप निकासा रकम</th></tr>
<tr><td>भारती सदन मा.वि</td><td>२३४</td><td>६७३४४.००</td><td>१४७८.००</td></tr>
<tr><td>भविष्य निर्माण मा.वि</td><td>२४८</td><td>९९६२५.००</td><td>२८२८.००</td></tr>
<tr><td>भक्ति नमुन मा.वि.</td><td>३४४</td><td>१४६९४८.००</td><td>११९५९.००</td></tr>
<tr><td>सर्वोदय मा.वि चन्द्रेश्वर</td><td>१६६</td><td>८६५६३.००</td><td>१५३८०.००</td></tr>
<tr><td>सौभाग्य सदन मा.वि.</td><td>९५</td><td>४०५४३.००</td><td>३९८७.००</td></tr>
<tr><td>संस्कृत सदन मा.वि.</td><td>३७९</td><td>१५७८५९.००</td><td>२५९२.००</td></tr>
<tr><td>शान्ति मा.वि कुन्छा</td><td>१५०</td><td>८८१३८.००</td><td>१५२९२.००</td></tr>
<tr><td>युवा वर्ष प्रा.वि.</td><td>६</td><td>१४५८.००</td><td>४८४.००</td></tr>
<tr><td>महेन्द्र मन्दिर मा.वि.</td><td>९८</td><td>६७४८९.००</td><td>४१९४.००</td></tr>
<tr><td>शोभा मन्दिर प्रा.वि.</td><td>१७</td><td>४६४४.००</td><td>२२०.००</td></tr>
<tr><td>सरस्वती सदन मा.वि.</td><td>४५</td><td>५०३९५.००</td><td>५४२.००</td></tr>
<tr><td>मर्स्याङदी आ.वि.पाउदी</td><td>१०९</td><td>४२०२८.००</td><td>४८८४.००</td></tr>
<tr><td>भैरव देव प्रा.वि.</td><td>१५</td><td>४४४४.००</td><td>१२६.००</td></tr>
<tr><td>आदर्श वाल मा.वि.वरेटार</td><td>३१४</td><td>१३४३६९.००</td><td>१९७०२.००</td></tr>
<tr><td>सत्य देवि प्रा.वि.चापखर्क</td><td>३</td><td>८६४.००</td><td>११३६.००</td></tr>
<tr><td>विद्याज्योति मा.वि.खहरे</td><td>३६६</td><td>१६०५४०.००</td><td>३६९५७.००</td></tr>
<tr><td></td><td></td><td></td><td>१२१७६१.००</td></tr>
</table></td><td>१२१७६१</td></tr>
<tr><td>४६</td><td>आई सि.टि अनुदानः १७५।२०७६।३।२९ स्थानीय तहले इन्टरनेटको पहुँच भएको तथा नियमित विद्युत आपूर्ति भएका विद्यालयहरुको छनौट गरी ल्याव व्यवस्थापनका लागी फर्निचर, कम्प्युटर, उपकरण, सफ्टवेर खरिद कार्यको लागि प्रति विद्यालय रु.६,५०,०००। का दरले अनुदान दिने र सो अनुदानवाट सामग्री खरिद गर्दा विद्यालयले नमुना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ र सार्वजनिक खरिद ऐन तथा नियमावलीका प्रकृया पुरा गर्नुपर्ने व्यवस्था कार्यकम कार्यन्वयन पुस्तिका २०७५।७६ को कियाकलाप न. २.१५.११.७८९ मा उल्लेख छ । यस नगरपालिकाले निम्न विद्यालयहरुलाई आई सि.टि. ल्याव वापत रु.६,५०,०००। का दरले आर्थिक वर्षको अन्तमा रु.१३०००००।०० निकासा दिएकोमा विद्यालयले उपरोक्तानुसारक प्रकृयाहरु पुरा गरी समाग्री खरिद गरे नगरेको सम्वन्धमा विल भर्पाइ ,जिन्सी दाखिला प्रतिवेदनका साथै कार्यालयवाट अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन पेश हुनु पर्ने रु.</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>विद्यालयको नाम</td><td>निकासा रकम</td></tr>
<tr><td>आदर्श वाल मा.वि.वरेटार</td><td>६५००००.००</td></tr>
<tr><td>विद्याज्योति मा.वि.खहरे</td><td>६५००००.००</td></tr>
<tr><td>जम्मा</td><td>१३०००००.००</td></tr>
</table></td><td>१३०००००</td></tr>
<tr><td>४७</td><td>पस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान :१७५।०७६।३।२९ माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (कम्प्युटर ,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा किट्स खरिद) का लागि अनुदान वापत काईक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ को कियाकलाप नम्वर २.१५.११.७८८मा उल्लेखित प्रकृया पुरा गरी कार्यन्वयन गर्न प्रति विद्यालय रु.६५००००।०० का दरले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था अनुसार निम्नानुसारको विद्यालयहरुलाई आर्थिक वर्षको अन्तमा रु.१९५००००।००० निकासा दिएकोमा उल्लेखित प्रकृया पुरा गरी पूस्तकालयको स्थापना तथा व्यवस्थापन भए नभएको सम्वन्धमा कार्यालयवाट अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन पेश हुनु पर्ने रु.</td><td>१९५००००</td></tr>
<tr><td>४८</td><td>विल भर्पाइ वेगर खर्च : ५२।०७५।१०।११ आर्थिक कार्यविधी २०६४ को दफा ३६(३) अनुसार विल भरपाईका आधारमा खर्च लेख्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाका विद्यालयहरुलाई विद्यालय संचालन तथा व्यवस्थापन अनुदान वापत रु.८०००००।०० खर्च लेखेकोमा कुन कुन विद्यालयलाई के कतिका दरले रकम निकासा दिईएको हो सो सम्वन्धी प्रमाण कागजात पेश हुनु पर्ने रु.</td><td>८०००००</td></tr>
<tr><td>४९</td><td>शौचालय निर्माण :१६७।०७६।३२६, २२६।०७६।३।२१ निम्नानुसारको विद्यालयहरुलाई पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण वापत रु. १३९९५००।०० खर्च लेखेकोमा pcc work in 1:2:4 in superstructure,deck slab,beam etc including 30m lead को लागि दर विष्लेषण गर्नु पर्नेमा 1:1.5:3 को अनुपातमा दर विष्लेषण गरी प्रति घ.मी.रु.३२३८।०० वढीले मुल्याङकन गरेकोले रु.४०८९०।०० अशुल गरी संघिय संचित कोष खातामा दाखिला गर्नु पर्ने रु.
<table>
<tr><td>विद्यालयको नाम</td><td>खर्च रकम</td><td>मुल्याङका भएको दर प्रति घ.मी</td><td>मुल्याङकन हुनु पर्ने दर प्रति घ.मी</td><td>वढी भुक्तानी दर</td><td>घ.मी.</td><td>वढी भुक्तानी रकम</td></tr>
<tr><td>भक्ति नमुन मा.वि.</td><td>६९९५००</td><td>१३२५१.५०</td><td>१००१३.५०</td><td>३२३८.००</td><td>६.२९</td><td>२०३६७</td></tr>
<tr><td>सर्वोदय मा.वि.</td><td>७०००००</td><td>१३२५१.५०</td><td>१००१३.५०</td><td>३२३८.००</td><td>६.२८</td><td>२०५२३</td></tr>
<tr><td></td><td>१३९९५००</td><td></td><td></td><td></td><td></td><td>४०८९०</td></tr>
</table></td><td>४०८९०</td></tr>
<tr><td>५०.</td><td>आदर्श वाल माध्यामिक विद्यालय भवन निर्माण : यस विद्यालयको कमागत ४ कोठे भवन निर्माणको लागि रु.३६६६६७३।९६ को लागत अनुमान रहेकोमा उपभोक्ता समितिले व्यहोर्ने जनश्रमदान रु६६६७३।९६ रहेको मा रु.३५७९७०४।८४ को कार्यसम्पन्न प्रतिवेदन पेश भएको आधारमा कार्यालयले जनश्रमदानको अंश रु.६६६७३।९६ कट्टा गरी रु.३५१३०३०।८८ भुक्तानी हुनु पर्नेमा गत आ.व.मा रु.१८०००००।०० र यस आ.व.मा रु.१७७९७०४।०० समेत रु.३५७९७०४।०० भुक्तानी भएको देखिएकोले वढी भुक्तानी भएको रु.६६६७३।०० अशुल गरी संघिय संचित कोष खातामा दाखिला गर्नु पर्ने रु.</td><td>६६६७३</td></tr>
<tr><td>५१.</td><td>दोहोरो निकासा : १४१।०७६।३।१५ भारती सदन मा.वि.२०७५ चैत्र देखी २०७६ आषाढ सम्मको तेस्रो चौमासिक निकासा वापत रु.१०६६८०।०० दिएकोमा पुन गो.भौ.न.१४१।०७६।३।२९ वाट छुट तलव भनि रु.२२१७०।०० निकासा दिएको देखिएकोले अशुल गरी संघिय संचित कोष खातामा दाखिला गर्नु पर्ने रु.</td><td>२२१७०</td></tr>
<tr><td>५२.</td><td>सिधै खरिदः : २०६।०७६।३।२९ सार्वननिक खरिद ऐन,२०६३ को दफा ४ मा सार्वजिनिक निकायले मालसामान निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेशिफिकेसन ,योजना विशेष आवश्यक्ता वा अन्य विशेषताहरु तयार गर्नु पर्ने र दफा ५(१) मा सार्वनिक निकायले कुनै पनि खरिदको लागि तोकिए वमोजिम</td><td></td></tr>
</table>

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

वार्षिक रुपमा आवश्यक पर्ने समानहरुको लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ र सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र तथा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा कार्यालयले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा सर्जिकल सामान खरिदको लागि लागत अनुमान तयार गरी वोलपत्र आव्हान गरेकोमा गौतम मेडिको फर्माले रु.२६००४४०।०० कवोल गरेकोमा सो मा रु.१५३८१६०।२० छुट दिने गरी कार्यालय संग सम्झौता गरी औषधी तथा सर्जिकल सामान आपुर्ति गरे वापत रु.१०६२२७९।८० भुक्तानी गरेकोमा पुन देहाएको गोश्वारा भौचर नम्वर र मिति वाट आवश्यक्ताको पहिचान नगरी लागत अनुमानमा समावेस नगरी सोझै खरिद गरेको देखिएकोले अनियममित देखिएको रु. १००९५१७

गो.भौ.न.र मिति	समानको विवरण	फर्मको नाम	रकम
२१०।०७६।३।३१	केमिकल्स खरिद	थानीमाई सर्जिकल	१२२०००.००
२३१।०७६।३।३१	औजार तथा ल्याव केमिकल्स खरिद	एस.आर.सप्लायर्स	४१२३५७.००
२३५।०७६।३।३१	औषधी खरिद	टि.आर सप्लायर्स प्रा.लि.	४७५१६०.००
जम्मा			१००९५१७.००

५३. **हात्तिपाईले कार्याक्रम :**२३६।०७६।३।३० हात्तिपाईले रोग निवारण अभियान २०७५ संचालन गरे वापत स्वास्थ्य संयोजक निर्मल अधिकारीको नामको रु.६४५०००।०० पेश्की फछ्र्यौट समेत रु.६६०५०९।०० खर्च गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अर्न्तगत स्थानीय तहवाट संचालन गरिने कार्यक्रमहरुको कार्यक्रम संचालन मार्गदर्शन , २०७५ मा इपिडिमियोलोजी तथा रोग नियन्त्रण कार्यक्रम नम्वर १६(ढ) मा औषधी खुवाउने तथा परामर्श सेवा दिनको लागि पहाडमा एक स्वास्थ्य कर्मि वरावर ४० घर परिवारलाई औषधी खुवाउनु पर्ने व्यवस्था रहेकोमा ७१९९ घरधुरी संख्यालाई १८० जना स्वास्थ्य कर्मी परिचालन गर्नुपर्नेमा २२५ जना स्वास्थ्य कर्मी परिचालन गरेको देखिएकोले ४५ जना स्वास्थ्यकर्मी वढी परिचालन भएको देखाई प्रति स्वास्थ्य कर्मी रु.७००।०० का दरले रु.३१५००।०० वढी भूक्तानी भएको रकम अशुल गरी संघिय संचित कोष खतामा दाखिला गर्नुपर्ने रु.. ३१५००

५४ **मुल्य अभिवृद्धि कर कट्टी नगरेको :** आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले मिति २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मु.अ.कर रकमको ५० प्रतिशत संवन्धित राजस्व शिर्षकमा र वाँकी ५० प्रतिशत संवन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार मिति २०७६।२।१६ देखिको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु १७२४१३

भौ नं. र मिति	फर्मको नाम	कुल भुक्तानी रकम	मु.अ.कर रकम	५० प्रतिशतले हुने मु.अ.कर रकम
सर्शत पुँजिगत अनुदान :				०.००
२३१-०७६.३.३१	एस.आर .म्याजिक सप्लायर्स	४१२३५७.००	२१९७७.७५	१०९६३.८७
२२४-०७६.३.३	एस.आर .म्याजिक सप्लायर्स	१९४०३०.००	१९०५४.००	९५२७.००
२४३-०७६.३.३	अधिकारी कन्सट्रक्सन प्रा.लि	२३०९००.००	२६५६३.७३	१३२८१.८६
१९९-०७६.३.३	ग्रामिण सामुदायिक विकास केन्द्र	९७४३८.००	८२८३.००	४१४१.५०
३४०.०३.३१	श्रेष्ठ निर्माण स्टोर्स	४३४१५७	४९९४७	२४९७४
१५०.०७६.२.३०	शैलेन्द्र कालिका जे.भि.	१९०४०५०	२१९०५०	१०९५२५
	इण्टरटेक प्रा.लि.	२०९८४७९	२४१४१७	१२०७०८
	जम्मा			२९३१२१.२३

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

५५. **आर्युर्वेद तर्फ :** २०५।०७६।३।३१ तालिम केन्द वाहेका अन्य निकायवाट संचालित तलिम , गोष्ठी ,सेमिनार ,कार्यशाला मा प्रशिक्षण गरे वापत अधिकृत स्तरका कर्मचारीलाई नगरपालिका स्तरमा कक्षा संचालन गरे वापत प्रति कक्षा रु.७००।०० का दरले प्रशिक्षक भत्ता दिने उल्लेख भएकोमा विद्यालय आर्युवेद तथा योग शिक्षा कार्यक्रम संचालन गरे वापत देहायका प्रशिक्षकहरुलाई प्रति कक्षा रु.१४००।०० का दरले खर्च लेखेको देखिएकोले प्रति कक्षा रु.७००।०० का दरले वढी भुक्तानी भएको ९ कक्षाको रु.६३००।०० अशुल गरी संघिय संचित कोष खातामा दाखिला गर्नु पर्ने रु. ६३००

प्रशिक्षकको नाम	संचालित कक्षा	भुक्तानी हुनु पर्ने	भुक्तानी भएको	वढी भुक्तानी
दिपक वहादुर भण्डारी	३	२१००.००	४२००.००	२१०००.००
संजय कुमार प्रजापति	३	२१००.००	४२००.००	२१०००.००
सुनिल कुमार झा	३	२१००.००	४२००.००	२१०००.००
जम्मा		६३००.००	१२६००.००	६३०००.००

५६. **प्रधानमन्त्री रोजागार कार्यक्रम :**

उपभोक्ता समितिबाट कार्य गराएको : कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा श्रमिक समूह मार्फत वा एक लाख रुपैयामा नवढाइ खण्ड खण्ड गरी सिधै वार्तावाट आयोजनाको ज्याला वापतको रकम श्रमिकलाई सोझै भुक्तानी हुने गरी अमानतवाट कार्य गराउन सकिने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा समेत अमानतवाट रु १ लाख सम्मको कार्य गराउन सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले यस कार्यक्रम अन्तर्गत देहायका कार्यक्रम संचालन गर्दा रु. १ लाख भन्दा माथिका कार्यक्रम तर्जुमा गरी उपभोक्ता समितिबाट गराएकोमा खर्चको उपादेयता र उपलव्धी सम्वन्धमा अनुगमन मूल्याकंन हुनुपर्ने देखियो ।

क सं.	वडा नम्वर	कामको विवरण	खर्च रकम
१.	२	हाँडेटार सिंचाई आयोजनाको कुलो मर्मत	१९८९००.००
२.	३	फोहरमैला व्यवस्थापनका लागि खाडल खन्ने कार्य	११८३००.००
३.	५	पाँउदी खोला तटवन्ध कुलो मर्मत	१३५८५०.००
४.	६	नियाटे देखि ढाँडफेदी कच्ची नाला निर्माण	२१०६००.००
		जम्म	६६३६५०.००

५७. **कार्यक्रम कार्यान्वयन** : यस गाउँपालिकामा कुल ११ वडा रहेकोमा सवै वडामा कुल २२७३ व्यक्ती वेरोजगारको सुचिमा रहेको विवरणवाट देखिन्छ । कुल संख्या मध्ये १२४ व्यक्तिलाई मात्र औषत ८ दिनको अल्पकालिन रोजगारीको अवसर प्रदान गरिएको छ । यसले कुल सूचिकृत संख्या मध्ये ५.४६ प्रतिशतलाई मात्र रोजगारी दिएको देखिन्छ । यसमा थप कार्यक्रम संचालन गर्नुपर्दछ ।

५८. न्यायीक समितिको उजुरी तथा फछ्र्यौट सम्वन्धमा : यस नगरपालिका अन्तर्गत यो वर्ष २६ मुद्धा दर्ता भएकोमा मेलमिलापवाट १९ र फैसलाबाट ३ फछ्र्यौट गरी ४ मुद्धा वांकी रहेको देखियो । वांकी मुद्धा समयमै फछ्र्यौट गर्नु पर्दछ ।

५९. **सवारी साधन खरीद :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १२३ वमोजिम आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था छ तापनि यस नगरपालिकाले यो वर्ष पूर्व सहमति वेगर १ वटा जीप रु.५६०८५००। र मोटर साईकल १० वटा रु.१६४७०००। मा खरिद गरी जम्मा रु. ७२५५५००.०० खर्च लेखेको देखियो ।

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६०.</td><td>पेश्की वाँकी : निम्नानुसारका व्यक्ति तथा सँस्थालाई देहाय वमोजिमको कार्यक्रम संचालन गर्न पेश्की दिएकोमा आर्थिक वर्षको अन्त सम्म पनि फछ्र्यौट भएको नदेखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ वमोजिम अशुल फछ्र्यौट गर्नु पर्ने रु.
<table>
<tr><th>गो.भौ.न.। मिति</th><th>कर्मचारी तथा संस्थाको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>५७।०७५।१०।११</td><td>सुन्दरवजार अस्पताल</td><td>आमा सुरक्षा कार्यक्रम</td><td>१६००००.००</td></tr>
<tr><td></td><td>कुन्छा स्वास्थ्इ चौकी</td><td>आमा सुरक्षा कार्यक्रम</td><td>६२०००.००</td></tr>
<tr><td>७५।०७५।११।२१</td><td>निर्मला पौडेल</td><td>महिला दिवास</td><td>२००००.००</td></tr>
<tr><td></td><td></td><td></td><td>२४२०००.००</td></tr>
</table></td><td>२४२०००</td></tr>
</table>

अनुसूची- १

सुन्दरवजार नगरपालिकाको सञ्चित कोष विवरण
२०७५।७६

प्रदेश : गण्डकी (रु.हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	सुन्दरबजार नगरपा लका	लमजुङ	६११२०	१०५००८	२९३८६१	६८९१७	४६७७८६	३२१७९५	१०५८५७	१९५३४	४४७१८६	८१७२०

अनुसूची– २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	लमजुङ	सुन्दरबजार नगरपा लका	४२	३३	१०३४३	०	०	०	४२	३३	१०३४३	२१४०	१२५०	६७११	०	०	७९६१	२०	२२२	२४२

अनुसूचि ३

अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजू
१	सुन्दरबजार नगरपा लका	लमजुङ	२०७१५	०	२०७१५		१०३४३	३१०५८